बैठक संख्याः ५-०८१।८२

आज मिति २०८१।०७।१४ गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री निर्मल राना | ( गाउँपालिका अध्यक्ष ) |
| २. | श्री सपना चौधरी राना | ( गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री प्यारेलाल राना | ( १ नं. वडा अध्यक्ष) |
| ४. | श्री आशाराम राना | ( २ नं. वडा अध्यक्ष) |
| ५. | श्री टिकाराम डगौरा | (३ नं. वडा अध्यक्ष) |
| ६. | श्री बहादुर राना | ( ४ नं. वडा अध्यक्ष) |
| ७. | श्री पहल बहादुर थापा | ( ५ नं. वडा अध्यक्ष) |
| ८. | श्री हर्कनारायण जोशी | ( ६ नं. वडा अध्यक्ष) |
| ९. | श्री वसमती राना | ( गाउँकार्यपालिका सदस्य) |
| १०. | श्री दिलमाया चौधरी | ( गाउँकार्यपालिका सदस्य) |
| ११. | श्री विन्दु देवि तिरुवा | ( गाउँकार्यपालिका सदस्य) |
| १२. | श्री शान्ती सार्की | ( गाउँकार्यपालिका सदस्य) |
| १३. | श्री गीता देवि कोली | ( गाउँकार्यपालिका सदस्य) |
| १४. | श्री दुर्गा देवि कामी | ( गाउँकार्यपालिका सदस्य) |
| १५. | श्री राज बहादुर सार्की | ( सदस्य सचिव) |

CamScanner

**बैठक संख्याः ०५ आ.व.२०८१।०८२ मितिः२०८१।०७।१४ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१**

यस लालझाडी गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत अध्यक्ष विशेष उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गाउँकार्यपालिकाको कार्यालयद्वारा तयार गरी पेश भएको **"अध्यक्ष विशेष उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन मापदण्ड २०८१"** स्वीकृत गरी कार्यान्वयन गर्ने / गराउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.२**

HABITAT For Humanity NEPAL र निड्स नेपालसँगको लागत साझेदारीमा यस लालझाडी गाउँपालिकामा बसोबास गर्ने विपन्न नागरिकहरुका लागि विपन्न नागरिक आवास कार्यक्रम अन्तरगत वडा नं ४ र ६ बाट प्रत्येक वडाबाट ६/६ वटा लाभग्राही छनौट गरी आवासीय घर निर्माण कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.३**

Build On Nepal सँगको लागत साझेदारीमा यस लालझाडी गाउँपालिका वडा नं. १ स्थित श्री नवोदय आ.वि. को ३ कोठे भवन निर्माण कार्य सम्पन्न गर्न गराउन सम्बन्धित विद्यालय, Built On Nepal र गाउँपालिकाको त्रिपक्षीय समझदारी पत्र अनुरुप ढुङ्गा, गिट्टि तथा बालुवा वापतको रकम १ नं. वडा कार्यालय तथा गाउँपालिकाको बजेट बाट व्यहोर्ने र अदक्ष श्रमिक/कामदारहरु रोजगार सेवा केन्द्रबाट खटाउने गरी निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.४**

हाल कृष्णपुर नगरपालिकाका अन्तरगत दर्ता भै संचालनमा रहेको वनजरिया सामुदायिक वन उपभोक्ता समूहले भौगोलिक रुपमा यस गाउँपलिकाको क्षेत्र भित्र पर्ने भएकोले यस पालिकाकामा नियमानुसार दर्ता भै आफ्नो कार्य संचालन गर्न तयार रहेको ईच्छा जाहेर गरेकोले जिल्ला तथा पालिकाको आधिकारिक भौगोलिक नक्सा अध्ययन गरी गराइ यस गाउँपालिकाको क्षेत्र भित्र परेमा प्रचलित नियमा कानून अनुसार दर्ता गरी पालिका मातहत ल्याई संचालन गर्ने गराउने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**निर्णय नं.५**

यस लालझाडी गाउँपालिकाद्वारा आयोजना गरिने चौथो कञ्चनपुर सम्मेलन मिति २०८१/०८/२१ गते लालझाडी गाउँपालिकाको कार्यालय कञ्जमा सम्पन्न गर्ने गरी मिति र स्थान तय गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो

**निर्णय नं.६**

यस लालझाडी गाउँपालिकाका वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका देहाय बमोजिमका सन्ततीहरुलाई छात्रवृत्तिका लागि वैदेशिक बोर्डको सचिवालयमा सिफारिस गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो।

**देहायः**

१. सादित्य राना- लालझाडी गाउँपालिका वडा नं. १
२. पृष्कीला राना- लालझाडी गाउँपालिका वडा नं. ५

निर्णय प्रमाणित